धुलिखेल नगरपालिका

Dhulikhel Municipality

नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

पर्यटन तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा

Tourism and International Relations Section

धुलिखेल, काभ्रेपलाञ्चोक

Dhulikhel, Kavrepalanchok

फोन नं :४९०३२४,४९०७२४

फ्याक्स नं :९७७-११४९००२९

बागमती प्रदेश, नेपाल

प.सं- २०८३/२०८४

च.नं- २३१

सूचना ! सूचना !! सूचना !!!

विषय: जापानी भाषा प्रशिक्षण कक्षामा भर्नाका लागि दरखास्त आह्वान गरिएको ।

प्रकाशित मिति: २०८३/०४/१८

जापानी नवीनतम् प्रविधि सिक्न र सो प्रविधि नेपालमा भित्र्याई उद्यमशिलता एवम् व्यवसाय समेत सञ्चालन गर्ने उद्देश्यले धुलिखेल नगरपालिका र जापानको रिनोकिनो कम्पनीसँग भएको सम्झौता बमोजिम नगरपालिका, रिनोकिनो कम्पनी जापानको सहकार्यमा जापानी भाषा प्रशिक्षण कक्षा सञ्चालन गर्न लागिएको हुँदा तपसिल बमोजिमका योग्यता भएका र शर्त पालना गर्न प्रतिबद्ध व्यक्तिहरुलाई जापानी भाषा कक्षा (N-4 Level सम्मको) मा भर्ना हुन सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८३।०४।१८ गते देखि २०८३।०४।२५ गते) भित्र निवेदन दिन दरखास्त आह्वान गरिएको छ । भाषा प्रशिक्षण कक्षामा छनोट हुने व्यक्तिहरुलाई जापानी भाषा (N-4 Level) र अन्य आवश्यक सीप समेत सिकाईने छ । तोकिए वमोजिमको सीप परिक्षणमा उत्तीर्ण हुने प्रशिक्षार्थीलाई पाँच बर्षका लागि जापान पठाउन आवश्यक पहल गरिने व्यहोरा समेत जानकारी गराइन्छ । ईच्छुक तथा योग्यता भएका व्यक्तिहरुले तपसिल विधामा दरखास्त पेश गर्न सकिने छ ।

तपसिल:

(क) नर्सिङ/कृषि/निर्माण तर्फ

१. धुलिखेल नगरपालिका भित्र स्थायी बसोबास गर्ने १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको, कम्तिमा ५ फिट उचाई भएका महिला र पुरुष ।

२. न्यूनतम १२ कक्षा उत्तीर्णभएको ।

३. आफ्नो परिवारको कुनै सदस्य जापानमा नभएको ।

४. नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी भाषाको समेत न्यूनतम ज्ञान भएको ।

५. सामाजिक रुपले पछाडी परेका वा अल्पसङ्ख्यक समुदायबाट आएकालाई प्राथमिकता दिईने । निवेदन काभ्रेपलाञ्चोक जिल्लाको वासिन्दा हुनुपर्ने तर धुलिखेल नगरपालिकाको स्थानीय बासिन्दालाई प्राथमिकता दिईने छ ।

६. आवाश्यक छनोट गरिने संङ्ख्या – ४० जना ।

अन्य शर्तहरु:

१. जापानी भाषाका लागि निवेदन पेश गर्न लागेको विषयमा एक पृष्ठको निबन्ध (नेपाली र अङ्ग्रेजी भाषा दुवैमा) लेखी पेश गर्नुपर्ने छ ।

२.दैनिक चारघण्टा (हप्तामा ६ दिन) कक्षामा अनिवार्य उपस्थित हुनुपर्ने छ ।

३.भाषा प्रशिक्षण कक्षा सात (७) महिना सञ्चालन हुनेछ, साथै कक्षामा पूर्णरुपमा अनुशासित भई निरन्तर उपस्थित हुनुपर्ने छ ।

प्रवेशपछि ८ महिनासम्म- * **Specified Skilled Worker (SSW)** परीक्षा तयारी

- ९ देखि ११ महिना-- अन्तर्वार्ता तयारी जापानी वार्तालाप अभ्यास
- १२ देखि १८ महिना-- जापान प्रस्थानको तयारी - जापानी वार्तालाप अभ्यास

४.कुल अध्ययन अवधि लगभग १८ महिना हुनेछ। यस अवधिभर मासिक शुल्क तिर्नुपर्नेछ।

५.नोट: प्रवेश गरेको करिब ६ महिनापछि विद्यार्थीले आफ्नो सीप (Skill) को क्षेत्र छनोट गर्नेछन्।

CS Scanned with CamScanner

धुलिखेल नगरपालिका

Dhulikhel Municipality

नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

पर्यटन तथा अन्तरराष्ट्रिय सम्बन्ध शाखा

Tourism and International Relations Section

धुलिखेल, काभ्रेपलाञ्चोक

Dhulikhel, Kavrepalanchok

फोन नं :४१०३२४,४१०७२४

फ्याक्स नं :९७७-११४१००११

बागमती प्रदेश, नेपाल

प.सं- २०८३/२०८४

च.नं-

६.भाषा कक्षामा छनोट भई समावेश हुने प्रशिक्षार्थीहरूले मासिक रु. ४,०००।०० (चार हजार) र पुस्तकका लागि एकमुष्ट रु. ५,०००।०० शुल्क कक्षा सुरु हुने समयमा नै बुझाउनु पर्ने छ।

७.कक्षा **A** प्रति महिना ४०००। रुपैयाँ, कक्षा **B:** प्रति महिना ५०००। रुपैयाँ

८.हरेक २ महिनामा एक पटक परीक्षा हुनेछ। त्यसको नतिजाका आधारमा विद्यार्थीलाई **A** वा **B** कक्षामा वर्गीकरण गरिनेछ।

९.प्रशिक्षार्थीहरूले आफूलाई आवश्यक स्टेशनरी वा पुस्तकहरू आफैं खरिद गर्नुपर्ने छ।

१०. विद्यालयमा बुझाउनुपर्ने अन्य शुल्क-- पाठ्यपुस्तक: ५०००। रुपैयाँ र विद्यालय पोशाक (युनिफर्म): ६००। रुपैयाँ

११. विद्यार्थीले आफैं गर्नुपर्ने तर गर्न नसकेका अवस्थामा विद्यालयले सहयोग गर्ने सेवाको शुल्क:
बायोडाटा (**Resume**) तयार गर्ने: १०००। रुपैयाँ, परीक्षा खाता (**Test Account**) बनाउने:१०००। रुपैयाँ, श्रम मन्त्रालयमा आवेदन गर्ने सहयोग: १०००। रुपैयाँ। नोट: यी शुल्कमा सम्बन्धित कार्यालयमा तिर्नुपर्ने वास्तविक सरकारी वा अन्य शुल्क समावेश छैन।

१२. JFT, Skill Test, Documentation लगायतमा लाग्ने शुल्क प्रशिक्षार्थीहरु आफैले व्यहोर्नुपर्ने छ।

१३. आवेदकले कुनै पनि किसिमको झुटो विवरण पेश गर्न पाइने छैन।

१४. कुनै पनि गैर अनुशासित वा अवाञ्छित क्रियाकलापमा संलग्न भएमा तालिमबाट निष्काशन गरिने छ।

१५. जापानी भाषाका कक्षामा संलग्न हुने विद्यार्थीको छनौट अन्तर्वार्ता, लेखाई सीपका अधारमा गरिने छ। विद्यार्थी छनोट गर्न जापानी प्रतिनिधि रहनेछन्।

१६. जापानी भाषा (N-4 level) र आवश्यक अन्य सीप सिकाई तोकिएको सीप परिक्षणबाट उत्तीर्ण भएका प्रशिक्षार्थीहरूलाई निर्दिष्ट सीप अन्तर्गत कार्य (SSW, Specified Skill Worker) गर्ने गरी ५ वर्ष कार्यकाल रहने गरी जापान पठाउन आवश्यक पहल गरिने छ।

पुनश्च: आवेदनपत्र नगरपालिकाको Website र नगरपालिकाबाट समेत प्राप्त गर्न सकिने छ। आवेदनसाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आवश्यक शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि र एक प्रति पासपोर्ट साईजको फोटो संलग्न राखि नगरपालिकामा पेश गर्नुपर्नेछ।

.....

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner